# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, पौष १ गते २०१६ साल [अतिरिक्ताङ्क २९

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट प्रदान गरिबक्सेको तल लेखिए बमोजिमको नेपालको संविधान सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समर विजयिनाम् ।**

**प्रस्तावना**

**नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोकसम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएकाे; र**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउंदो, तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने पञ्चायत प्रणालीद्वारा मात्र संभव छ भन्ने हाम्रो दृढविश्वास भएको; र

प्यारा प्रजाको सुख र समृद्धि नै सदैव हाम्रो एक मात्र लक्ष भई सो लक्ष प्राप्त गर्नको लागि हामीबाट दृढसंकल्प गरिबक्सेकोले

नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्नु वाञ्छनीय हुंदा हाम्रा महान् तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रा मुलुकको संवैधानिक कानून, रीत र परम्परा अनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यो संविधान बनाई जारी गरिबक्सेका छौं।

# भाग १

## प्रारम्भिक

१. संविधान मूल कानून– यो संविधान नेपालको मूल कानून हो र यसमा लेखिएका कुराका अधीनमा रही योसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ।

२. राष्ट्र– (१) जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकांक्षा राख्ने र राजमुकुटप्रति आस्थाद्वारा एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा एक राष्ट्र हो।

(२) आफ्नो प्रतिभा र परम्परा अनुसार राजनैतिक, आर्थिक र साँस्कृतिक जीवनको विकास गर्ने र अरू राष्ट्रहरूसंग आफ्नो सम्बन्ध निर्धारण गर्ने राष्ट्रको अविनाश्य र अविच्छेद्य अधिकार हो।

३. राज्य– (१) नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्तासम्पन्न राजतन्त्रात्मक हिन्दू राज्य हो।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ:–

(क) यो संविधान प्रारम्भ हुंदाको बखतको क्षेत्र; र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

४. राष्ट्रभाषा– नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो ।

५. राष्ट्रिय झण्डा–सिम्रिक रंगको भूइं र गाढा नीलो रंगको किनारा भएको दुइ त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोण युक्त सूर्यको सेतो आकार अंकित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो । सो झण्डा बनाउने तरीका र तत्सम्बन्धी अरू विवरण अनुसूची १ मा दिइएको छ ।

६. राष्ट्रिय गान, इत्यादि–(१) अनुसूची २ मा लेखिए बमोजिमको **श्री ५** को सलामी नेपालको राष्ट्रिय गान हो ।

(२) नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हो ।

(३) नेपालको निसाना–छाप अनुसूची ३ मा अंकित भए बमोजिमको हुनेछ ।

तर सो निसाना–छाप आवश्यकतानुसार ठूलो वा सानो आकारको बनाउन सकिने छ र त्यसमा श्री ५ को सरकारबाट निर्धारित रङ्ग प्रयोग हुन सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

## नागरिकता

७. **संविधान प्रारम्भ हुंदाका बखतको नागरिकता–** नेपालमा स्थायी वासस्थान भएको देहायको प्रत्येक व्यक्ति यो संविधान प्रारम्भ हुंदाका बखत नेपालको नागरिक ठहर्नेछः–

(क) जो नेपालमा जन्मेको हो;

(ख) जसको आमा बाबुमा एकजना नेपालमा जन्मको हो;

(ग) नेपालको कानून र रीत बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी-मानिस; वा

(घ) नेपालको कानून बमोजिम जसले नागरिकताको प्रमाण-पत्र लिइसकेको छ ।

८. **नागरिकताको प्राप्ति र समाप्ति कानून बमोजिम निर्धारित हुने–**(१) यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकताको प्राप्ति, समाप्ति र तत्सम्बन्धी अरू कुरा कानूनले निर्धारित गरे बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउंदा, अरू कुराका अतिरिक्त, विदेशीलाई नागरिकताको प्राप्ति देहायका कुराका आधारमा हुन सक्ने शर्त राखिनेछः–

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जान्ने;

(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको;

(ग) अन्य राज्यको नागरिकता त्याग्न कारवाई चलाएको; र

(घ) नेपाली उत्पत्तिका व्यक्ति बाहेक अरूको हकमा नेपालमा कमतीमा बाह्र वर्षको अवधिसम्म बसोवास गरेको र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली उत्पत्तिको व्यक्तिको हकमा नेपालमा कमतीमा दुइ वर्षको अवधिसम्म बसोवास गरेको ।

(३) उपधारा (१) बमोजिम कानून बनाउंदा, अरू कुराका अतिरिक्त, नागरिकताको समाप्ति देहायका कुराको आधारमा हुन सक्ने शर्त राखिनेछः–

(क) नेपालको विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरुद्ध अन्य अपराध गरेको; वा

(ख) युद्धको समयमा वा अन्य संकटकालीन अवस्थामा कानूनद्वारा निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा सेवा गर्न न खोजेको ।

मुद्रण विभाग, सिंहदरबार

# भाग ३

## मौलिक कर्तव्य र हक

९. **नागरिकहरूको मूल कर्तव्य–** (१) राष्ट्रप्रति आस्था र राज्यप्रति वफादारी प्रत्येक नागरिकको मूल कर्तव्य हो ।

(२) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरूको हकको हनन नहुने गरी गर्नु प्रत्येक नागरिकको मूल कर्तव्य हो ।

१०. **समानताको हक–** (१) सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुनेछन् ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिंग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव हुनेछैन ।

११. **स्वतन्त्रताको हक –** (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन ।

(२) सबै नागरिकलाई यो भागमा लेखिएका अन्य कुराका अधीनमा रही निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछः–

(क) वाक् र प्रकाशन स्वतन्त्रता;

(ख) शान्तिपूर्वक र बिना हतियार भेला हुने स्वतन्त्रता;

(ग) नेपालको कुनै पनि भागमा आवत–जावत र बसोबास गर्ने स्वतन्त्रता; र

(घ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, र बेचबिखन गरी वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेको बापतमा कुन व्यक्ति सजायभागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन ।

(४) कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एकपटक भन्दा बढ्ता मुद्दा चलाइने र सजाय गरिने छैन ।

(५) कुनै कसूरको अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरुद्धमा बयान दिन कर लगाइने छैन ।

(६) कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो, नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानूनी व्यवसायीसंग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन ।

**स्पष्टीकरण–** यस उपधाराको प्रयोजनको निमित्त "कानूनी व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न तत्काल प्रचलित कानूनले अधिकार दिएको जुनसुकै व्यक्तिलाई समेत जनाउँछ ।

(७) गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएको ठाउंबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न हुँदैन ।

(८) उपधारा (६) र (७) मा लेखिएका कुरा देहायका व्यक्तिलाई लागू हुनेछैनः–

(क) शत्रु राज्यको नागरिक; वा

(ख) निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत गिरफ्तार भएको वा नजरबन्द रहेको व्यक्ति ।

१२. **देश निकाला विरुद्धको हक–** कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

१३. **शोषण विरुद्धको हक–** मानिसको बेचबिखन, दासत्व र मानिसलाई कुनै किसिमको जबरजस्ती काम गराउन निषेध गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्नेछैन ।

१४. **धर्म सम्बन्धी हक–** प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउनेछ ।

तर कसैले कसैको धर्मपरिवर्तन गराउन पाउने छैन ।

१५. **सम्पत्तिको हक–** कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुनेछैन ।

१६. **संवैधानिक उपचारको हक–** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ७१ मा लेखिएको तरीका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

१७. **सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज–** (१) यस भागमा लेखिएका हकहरूको प्रयोगलाई सार्वजनिक हितको निमित्त व्यवस्थित वा नियन्त्रित गर्नका लागि कानून बनाउन सकिनेछ ।

(२) देहायको कुनै वा सबै उद्देश्यले बनेको भनी कुनै ऐनको प्रस्तावनामा लेखिएको छ भने त्यस्तो ऐन वा त्यस अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सार्वजनिक हितको निमित्त बनेको कानून मानिनेछः–

(क) नेपालको सुरक्षा कायम राख्न;

(ख) शान्ति र व्यवस्था कायम राख्न;

(ग) विदेशी राज्यहरूसंग मित्रताको सम्बन्ध कायम राख्न;

(घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न;

(ङ) सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुबिधा, आर्थिक हित, शिष्टाचार वा नैतिकता कायम राख्न;

(च) बालक वा स्वास्नीमानिसको हितको संरक्षण गर्न;

(छ) आन्तरिक अशान्ति वा बाह्य आक्रमण रोक्न;

(ज) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन दिनबाट रोक्न; र

(झ) यो संविधान वा तत्काल प्रचलित अन्य कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा अरू कुनै त्यस्तो कुचेष्टा रोक्न ।

# भाग ४

## समाज नीतिका उद्देश्य र सिद्धान्तहरू

१८. **सिद्धान्तको प्रयोग–** यस भागमा लेखिएका सिद्धान्तहरू सामान्य मार्ग-दर्शनका लागि हुन् र तिनलाई कुनै अदालतद्वारा लागू गरिने छैन ।

१९. **उद्देश्य र सिद्धान्तहरू–** (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायका हितको एकीकरण तथा समन्वय गरी राष्ट्रिय जीवनमा सामञ्जस्य ल्याई एक न्यायपूर्ण सामाजिक व्यवस्थाको स्थापना र संरक्षण-द्वारा जनकल्याणको अभिवृद्धि गर्नु राज्यको उद्देश्य हुनेछ ।

(२) उपधारा (१) मा लेखिएको उद्देश्य प्राप्तिको निमित्त विशेष गरी यस्तो नीति अपनाइनेछ जसले गर्दा–

(क) सबै नागरिकहरूलाई आफ्नो व्यक्तित्वको विकास र आर्थिक उन्नति गर्ने समान सुबिधा र अवसर प्राप्त होस्;

(ख) नागरिकहरूलाई जीविकाको उचित र पर्याप्त साधन प्राप्त होस्;

(ग) समाजमा भौतिक सम्पत्तिको स्वामित्व र नियन्त्रणको यस्तो व्यवस्था गरियोस् जसबाट सम्पत्तिको न्यायोचित वितरण भई सर्वोत्तम रूपमा सामूहिक हित होस् र साथै उद्योग र ब्यापारको निर्धारित क्षेत्रमा निजी उद्यमलाई पनि उचित प्रश्रय र प्रोत्साहन मिलोस्;

(घ) श्रमजीवीहरू– स्त्री वा पुरुष- को स्वास्थ्य र बलको तथा बालकबालिकाहरूको कलीलो उमेरको दुरुपयोग हुन नपाओस् ;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अनाथावस्था, बाल्यावस्था, वृद्धावस्था र प्रसूतिको अवस्थामा मानसिक र आर्थिक सुरक्षा प्राप्त होस्;

(च) वहुविवाह, बालविवाह, छुताछुत जस्ता सामाजिक कुरीतिहरू हटून्; र

(छ) निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा यथाशीघ्र दिने व्यवस्था होस् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## श्री ५

२०. **अधिकारको स्रोत श्री ५–** (१) यो संविधानमा "**श्री ५**" भन्ने शब्दले श्री ५ बडामहाराज पृथ्वीनारायण शाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्बी गद्दीनसीन **श्री ५ महाराजाधिराजलाई** संवोधन गरेको सम्झनु पर्दछ ।

(२) नेपालको सार्वभौमसत्ता **श्री ५** मा निहित रहेको छ र कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन् । शाह राजवंशको उच्चतम परम्परा अनुसार प्रजाको हित र इच्छाको विचार गरी **श्री ५** बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्थापित अंगहरूद्वारा सो अधिकारहरू प्रयोग गरिबक्सिन्छ ।

२१. **राजगद्दी–उत्तराधिकार सम्बन्धी कानून–** (१) यस संविधानको कुनै कुराले पनि **श्री ५** का वंशजहरूको राजगद्दी– उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परालाई असर पार्नेछैन ।

(२) **श्री ५** का वंशजहरूको राजगद्दी–उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार **श्री ५** मा मात्र रहनेछ ।

२२. **राज्यसहायक वा राज्यसहायक परिषद्–** यस संविधानमा **श्री ५** लाई संवोधन हुने शब्दले, विषय वा प्रसंग अनुसार अर्को अर्थ नलागेमा, अधिकार पाएको राज्यसहायक वा राज्यसहायक परिषद्लाई र धारा ८६ बमोजिम अधिकार प्रयोग गर्ने व्यक्तिलाई पनि जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ६

## राजसभा

२३. राजसभा– (१) नेपालमा एक राजसभा रहनेछ जसको काम यस संविधानमा लेखिए बमोजिम हुनेछ ।

(२) राजसभामा देहायका व्यक्तिहरू रहनेछन्:–

(क) प्रधान न्यायाधीश पदेन सदस्य;
(ख) राष्ट्रिय पञ्चायतको अध्यक्ष पदेन सदस्य;
(ग) **श्री ५** का तत्कालीन मन्त्रीहरू पदेन सदस्य;
(घ) बडागुरुज्यू पदेन सदस्य;
(ङ) प्रधान सेनापति पदेन सदस्य;
(च) महालेखा परीक्षक पदेन सदस्य;
(छ) लोक सेवा आयोगका अध्यक्ष पदेन सदस्य;
(ज) एटर्नी–जनरल पदेन सदस्य;
(झ) मूल पुरोहित पदेन सदस्य; र
(ञ) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा ख्यातिप्राप्त गरेका वा देशको विशिष्ट सेवा गरेका व्यक्तिहरूमध्येबाट, वा राजसभाको सदस्यताको निमित्त उपयुक्त सम्झी, **श्री ५** बाट नियुक्त गरिबक्सेका अन्य सदस्यहरू ।

(३) उपधारा (२) को खण्ड (ञ) बमोजिम नियुक्त भएका व्यक्ति **श्री ५** को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन् ।

(४) राजसभाको बैठक **श्री ५** बाट बक्सेको आदेश अनुसार बोलाइने छ र मौसूफ उपस्थित होइबक्सेमा मौसूफबाट सभापतिको आशन ग्रहण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिबक्सिने छ । मौसूफको अनुपस्थितिमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफ युवराजाधिराजबाट सभापतिको आसन ग्रहण गरिबक्सिनेछ र मौसूफ अठार वर्ष नपुगिबक्सेको भए **श्री ५** बाट साधारण तवरले वा खास तवरले मनोनित गरिबक्सेको उपसभापतिले, र त्यसरी उपसभापति मनोनित नभएको अवस्थामा राजसभाको सो बैठकमा प्रस्ताव-द्वारा निर्णय गरिएको सदस्यले, बैठकको सभापतित्व गर्नेछ ।

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न-लिखित अवस्थामा राजसभाको बैठक राजसभाका सचिवले बोलाउने छन् र त्यसरी बोलाइएको बैठकमा उक्त बैठकले प्रस्तावद्वारा निर्णय गरेको व्यक्तिले सभापतित्व गर्नेछः–

(क) **श्री ५** को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेको घोषणा गरिबक्सेमा; वा

(ख) **श्री ५** मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा बैठक बोलाउने आदेश बक्सन असमर्थ होइबक्सेको छ भनी राजसभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा चार खण्डको एक खण्ड सदस्यहरूले (जसमध्ये कम्तीमा चारजना मन्त्रीहरू हुनु पर्दछ) हस्ताक्षर गरी माँग गरेमा ।

(६) (क) उपधारा (५) को खण्ड (क) को अवस्थामा बोलाइएको बैठकले राजगद्दी–उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परा अनुसार **श्री ५** को उत्तराधिकारीको राज्यारोहणको घोषणा गर्नेछ; र

(ख) **श्री ५** को उमेर अठार वर्षभन्दा कम भएमा सम्बन्धित कानूनको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा भएको राज्यसहायक वा राज्य–सहायक परिषद् **श्री ५** अठार वर्ष पुगिबक्से पछि कायम रहनेछैन ।

(७) (क) उपधारा (५) को खण्ड (ख) को अवस्थामा बोलाइएको बैठकले **श्री ५** मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा राजसभाको बैठक


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बोलाउने आदेश बक्सन असमर्थ भइबक्सेको हो वा होइन भन्ने निर्णय गर्नेछ; र

(ख) राजसभाले हो भनी सम्पूर्ण सदस्य संख्याको कम्तीमा तीन खण्डमा दुइ खण्डको बहुमतले निर्णय गरेमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफलाई राज्यसहायक घोषणा गर्नेछ र अरू अवस्थामा सम्बन्धित कानूनका अधीनमा रही राज्यसहायक वा राज्य-सहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा गरिएको राज्यसहायक वा राज्य–सहायक परिषद् **श्री ५** को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वा पुनः राजकीय कार्यभार वहन गर्न समर्थ होइ-बक्सिन्छ भनी मौसूफबाट राजसभालाई सूचना बक्सेमा सम्बन्धित कानूनका अधीनमा रही कायम रहने छैन ।

(८) उपधारा (६) वा (७) बमोजिम घोषणा गरिएको राज्य–सहायक वा राज्यसहायक परिषद्लाई **श्री ५** वा मौसूफका उत्तराधिकारी-को हितको प्रतिकूल कुनै निर्णय गर्ने वा स्वीकृति प्रदान गर्ने अधिकार हुनेछैन ।

(९) उपधारा (६) को खण्ड (क) मा भएको कुनै पनि कुराले त्यस्तो घोषणा जारी नभएसम्म **श्री ५** को उत्तराधिकारीलाई राजगद्दीको अधिकार प्रयोग गरिबक्सनमा बाधा पुऱ्याउने छैन ।

(१०) (क) उपधारा (५), (६) र (७) मा लेखिएदेखि बाहेकका यो संविधान बमोजिम राजसभाले गर्ने अरू काम **श्री ५** बाट तोकिबक्सेका राजसभाका सातदेखि पन्ध्र जनासम्म सदस्य भएको एउटा स्थायी समितिले राजसभाका नाममा गर्न सक्नेछ ।

तर **श्री ५** बाट चाहिबक्सेमा स्थायी समितिले राजसभाको नाममा गरेको कुनै निर्णय राजसभाको बैठकमा विचारार्थ पेश गराउन बाधा पर्नेछैन ।

(ख) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिको सभापति-त्व **श्री ५** बाट स्वयं वा मौसूफबाट तोकिबक्सेको व्यक्तिले गर्नेछ र राज-सभाको सचिव नै स्थायी समितिको पनि सचिव हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) राजसभाको स्थायी समितिका सदस्यहरूको कार्यकाल तीन वर्षको हुनछ ।

(घ) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिले चाहेमा कुनै कुरामाथि छलफल गर्दा, आफ्नो बैठकमा, राजसभाका अरू सदस्यलाई पनि सम्मिलित गर्न सक्नेछ ।

(११) राजसभा वा त्यसको स्थायी समितिको कुनै पनि बैठकमा सदस्य-हरू मध्येबाट केही अनुपस्थित रहे पनि काम चालू रहनेछ यदि–

(क) सूचना जारी हुने दिनसम्ममा भएका सबै सदस्यलाई बैठक हुने सूचना पठाएको छ भने वा त्यस्तो सूचना नेपाल गजेटमा प्रकाशित गरिएको छ भने; र

(ख) सदस्य संख्याको कम्तीमा तीन खण्डको एक खण्ड सदस्य उपस्थित रहन्छन् भने ।

(१२) **श्री ५** बाट राजसभासंग परामर्श गरिबक्सने भनी यो संविधानमा लेखिएको अतिरिक्त मौसूफको अरू कार्य सम्पादनको सिलसिलामा पनि राजसभासंग परामर्श लिन सकिबक्सने छ ।

(१३) अन्यथा व्यवस्था भएकोमा बाहेक राजसभा वा त्यसको स्थायी समितिको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ ।

(१४) राजसभा वा त्यसको स्थायी समितिले यस धाराको अधीनमा रही आफ्नो कार्य सञ्चालन व्यवस्थित गर्ने नियमहरू बनाउन सक्नेछ र त्यसरी नियमहरू नबनुञ्जेलसम्म **श्री ५** बाट बनाइबक्सेको नियमहरूद्वारा व्यवस्थित हुनेछ ।

(१५) राजसभाको सचिव **श्री ५** बाट नियुक्त गरिबक्सनेछ ।

(१६) राजसभाका सदस्यहरूले **श्री ५** बाट निर्धारित रूपमा शपथ लिनेछन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ७

## मन्त्रिपरिषद्

२४. **कार्यकारिणी अधिकारको प्रयोग–** (१) नेपालको कार्यकारिणी अधिकार **श्री ५** बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्वयं वा मन्त्रीहरूद्वारा वा मौसूफको मातहतका अन्य कर्मचारीहरूद्वारा प्रयोग गरिबक्सिनेछ ।

(२) यस संविधानको व्यवस्था अनुसार **श्री ५** बाट कुनै व्यक्ति वा अधिकारीसंग परामर्श गरिबक्सेको छ छैन र कुनै व्यक्ति वा अधिकारीले **श्री ५** मा कुनै सल्लाह वा सिफारिश पेश गरेको छ छैन र पेश गरेको भए के कस्तो सल्लाह वा सिफारिश पेश गरेको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाइने छैन ।

(३) यस संविधान अनुसार **श्री ५** बाट गरिबक्सिने सबै कार्यकारिणी काम, उपधारा (४) अन्तर्गतको नियममा **श्री ५** को नाममा हुने भनी लेखिएमा बाहेक, श्री ५ को सरकारको नाममा हुनेछ ।

(४) **श्री ५** को वा श्री ५ को सरकारको नाममा तयार भई कार्यान्वित हुने आदेश, निर्णय र अरू अधिकारपत्रहरू **श्री ५** बाट बनाइबक्सने नियम बमोजिम प्रमाणित गरिनेछन् र त्यसरी प्रमाणित भएको आदेश, निर्णय वा अधिकारपत्र **श्री ५** बाट वा श्री ५ को सरकारबाट तयार गराएको वा कार्यान्वित भएको होइन भनी त्यस्तो आदेश, निर्णय वा अधिकारपत्र बारे कुनै प्रश्न उठाइने छैन ।

२५. **मन्त्रिपरिषद्को गठन–**(१) **श्री ५** लाई मौसूफको कार्य सम्पादनमा सहायता र सल्लाह दिन मौसूफको अध्यक्षतामा एक मन्त्रिपरिषद् रहनेछ जसमा **श्री ५** बाट नियुक्त मन्त्रीहरू रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर **श्री ५** बाट कुनै मन्त्रीलाई मन्त्रिपरिषद्को अध्यक्ष वा उपाध्यक्ष तोक्न सकिबक्सनेछ ।

(२) **श्री ५** बाट कुनै मन्त्रीलाई मन्त्रिपरिषद्को अध्यक्ष वा उपाध्यक्ष तोकिबक्सेको रहेछ भने निजले मन्त्रिपरिषद्को बैठकको सभापतित्व गर्नेछन् ।

तर **श्री ५** उपस्थित होइबक्सको मन्त्रिपरिषद्को बैठकमा मौसूफबाट सभापतिको आसन ग्रहण गरिबक्सनेछ ।

२६. **<u>श्री ५ का मन्त्रीहरू</u>**– (१) **श्री ५** बाट राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट मन्त्रीहरू नियुक्त गरिबक्सनेछ ।

तर **श्री ५** बाट उपयुक्त सम्झिबक्सेमा राष्ट्रिय पञ्चायतको सदस्य नभएका अन्य व्यक्तिलाई पनि मौसूफबाट बढीमा ६ महीनासम्मका लागि मन्त्रिपदमा नियुक्त गर्न सकिबक्सनेछ ।

(२) मन्त्रीहरू **श्री ५** प्रति उत्तरदायी हुनेछन् ।

(३) देहायका अवस्थामा मन्त्री आफ्नो पदको कार्यभारबाट मुक्त हुनेछन्ः–

(क) निजको लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त भएको भए लगातार ६ महीनाको अवधिसम्ममा राष्ट्रिय पञ्चायतको सदस्य हुन नसकेमा;

(घ) राष्ट्रिय पञ्चायतको समर्थन प्राप्त छैन भनी राष्ट्रिय पञ्चायतले सम्पूर्ण सदस्य संख्याको बहुमत र उपस्थित भई मतदान गर्ने सदस्यहरूको तीन खण्डमा दुइ खण्डको बहुमतद्वारा पास गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) **श्री ५** बाट हटाउन चाहिबक्सेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. **सहायक मन्त्री** –(१) श्री ५ बाट मौसूफको कुनै मन्त्रीलाई कार्यभार सञ्चालन गर्न सहायता दिनको निमित्त राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट सहायक मन्त्री नियुक्त गर्न सकिबक्सनेछ ।

(२) धारा २६ को उपधारा (३) को खण्ड (ग) र (घ) बाहेक सो उपधारामा लेखिएका अरू कुरा सहायक मन्त्रीलाई पनि लागू हुनेछन् ।

२८. **पारिश्रमिक**– श्री ५ का मन्त्रीहरू र सहायक मन्त्रीहरूको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

२९. **सरकारी कार्य सञ्चालन**– (१) श्री ५ को सरकारको कार्य विभाजन र कार्यसम्पादन श्री ५ बाट स्वीकृत नियमावली बमोजिम हुनेछ ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो भएन भन्ने सवाल जवाफ कुनै अदालतमा हुनेछैन ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ८

## स्थानीय पञ्चायतहरू र राष्ट्रिय पञ्चायत

### परिच्छेद–१

### स्थानीय पञ्चायतहरू

३०. **गाउं पञ्चायत–** (१) पञ्चायती व्यवस्थाको सबभन्दा तल्लो तह गाउं सभा हुनेछ। कानून बमोजिम तोकिएको कुनै एक गाउं वा मौजा वा गाउँ वा मौजाको समूहलाई गाउँ सभा भनिनेछ।

(२) प्रत्येक गाउँ सभाले एउटा कार्यकारिणी समिति छान्नेछ जसलाई गाउँ पञ्चायत भनिनेछ।

(३) गाउँ सभा र गाउँ पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

३१. **नगर पञ्चायत–** (१) कानून बमोजिम तोकिएको नगरमा एउटा नगर पञ्चायत रहनेछ।

(२) नगर पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

३२. **जिल्ला पञ्चायत–** (१) प्रत्येक जिल्लामा सो जिल्ला भित्रका गाउं पञ्चायत र नगर पञ्चायतहरूले छानेका प्रतिनिधिहरू समेत भएको एउटा जिल्ला सभा रहनेछ।

(२) प्रत्येक जिल्ला सभाले एउटा कार्यकारिणी समिति छान्नेछ जसलाई जिल्ला पञ्चायत भनिनेछ।

(३) जिल्ला सभा र जिल्ला पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. **अञ्चल पञ्चायत–** (१) प्रत्येक अञ्चलमा सो अञ्चल भित्रका जिल्ला पञ्चायतहरूका सम्पूर्ण सदस्यहरू समेत भएको एउटा अञ्चल सभा रहनेछ ।

(२) प्रत्येक अञ्चल सभाले एउटा कार्यकारिणी समिति छान्नेछ जसलाई अञ्चल पञ्चायत भनिनेछ ।

(३) अञ्चल सभा र अञ्चल पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–२

## राष्ट्रिय पञ्चायत

३४. **राष्ट्रिय पञ्चायतको गठन–** (१) नेपालमा एउटा राष्ट्रिय पञ्चायत रहनेछ जो पञ्चायती व्यवस्थाको सबभन्दा माथिल्लो तह हुनेछ र जसको गठन, काम, कर्तव्य र अधिकार यस संविधानमा लेखिए बमोजिम हुनेछ।

(२) राष्ट्रिय पञ्चायतमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

(क) अञ्चल सभाहरूद्वारा निर्वाचित अनुसूची ४ बमोजिमका सदस्यहरू;

(ख) वर्गीय र व्यावसायिक संगठनहरूद्वारा निर्वाचित अनुसूची ५ बमोजिमका सदस्यहरू;

(ग) स्नातकहरू मध्येबाट निर्वाचित अनुसूची ६ बमोजिमका सदस्यहरू; र

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमका निर्वाचित सम्पूर्ण सदस्य संख्याको सयकडा पन्ध्र **श्री ५ बाट** मनोनित सदस्यहरू।

(३) प्रत्येक अञ्चल सभाले आफ्ना सदस्यहरू मध्येबाट अनुसूची ४ मा उल्लेख गरिएको संख्यामा राष्ट्रिय पञ्चायतको लागि सदस्यहरू कानूनद्वारा तोकिएको तरीकाले निर्वाचन गर्नेछ।

तर अञ्चल सभाले राष्ट्रिय पञ्चायतका लागि सदस्यहरू निर्वाचन गर्दा सो अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नु पर्नेछ।

(४) अनुसूची ५ र ६ मा लेखिएका सदस्यहरूको निर्वाचन कानूनद्वारा तोकिएको तरीकाले हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अनुसूची ४, ५ र ६ लाई समय समयमा ऐनद्वारा संशोधन गर्न सकिनेछ ।

३५. **सदस्यताको लागि योग्यता–** राष्ट्रिय पञ्चायतको सदस्य हुनको निमित्त कुनै पनि व्यक्ति–

(क) नेपालको नागरिक हुनु पर्दछ;

(ख) उमेर पच्चीस वर्ष पूरा भएको हुनु पर्दछ;

(ग) मन्त्री वा सहायक मन्त्री बाहेक **श्री ५** को अन्य कर्मचारी हुन हुंदैन;

(घ) धारा ३८ को उपधारा (२) अनुसार निष्कासित भएको हुन हुंदैन; वा

(ङ) कुनै ऐनले अयोग्य हुन हुंदैन ।

तर यो धाराको खण्ड (घ) मा लेखिएको बन्देज **श्री ५** बाट उपयुक्त ठहराइबक्सेको समय र अवस्थामा कुनै व्यक्तिका हकमा हटाउन सकिबक्सिनेछ ।

३६. **सदस्यहरूको अयोग्यता सम्बन्धी निर्णय–**राष्ट्रिय पञ्चायतको कुनै सदस्य धारा ३५ अनुसारको कुनै योग्यतारहित छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय **श्री ५** बाट राजसभासंग परामर्श गरी गरिबक्सनेछ ।

३७. **सदस्यहरूको पदावधि –** राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि देहाय बमोजिम हुनेछः–

(क) धारा ३४ को उपधारा (२) को खण्ड (क) बमोजिमका सदस्यहरूको हकमा छ वर्ष; र

(ख) धारा ३४ को उपधारा (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिमका सदस्यहरूको हकमा चार वर्ष ।

तर धारा ३४ को उपधारा (२) को खण्ड (क) बमोजिमका पहिलो पटक निर्वाचित सदस्यहरू मध्ये तीन खण्डमा एक खण्ड सदस्यहरूको पदावधि दुइ वर्षको र अर्को एक खण्ड सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । त्यस्ता सदस्यहरूमध्ये कस–कसको पदावधि दुइ वर्षको र कस–कसको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चार वर्षको हुनछ भन्ने कुराको निर्धारण राष्ट्रिय पञ्चायतका अध्यक्षद्वारा तोकिएको तरीका बमोजिम गोला हाली गरिनेछ ।

३८. **स्थानको रिक्तता–** (१) राष्ट्रिय पञ्चायतका सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछः–

(क) निजको मृत्यु भएमा;

(ख) निजले राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित सूचनाद्वारा राजीनामा दिएमा;

(ग) धारा ३५ अनुसारको योग्यता नभएमा;

(घ) राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई तीन महीनाको अविच्छिन्न अवधिसम्म राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित रहेमा; वा

(ङ) धारा ३७ अनुसारको पदावधि समाप्त भएमा ।

(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरी राष्ट्रिय पञ्चायतको गोपनीयता भंग गरेका छन् भन्ने कुरामा राष्ट्रिय पञ्चायतको अध्यक्ष र **श्री ५** बाट तोकिबक्सेको सर्वोच्च अदालतको एकजना न्यायाधीश र (राष्ट्रिय पञ्चायतको सदस्य बाहेक) राजसभाको एकजना सदस्य भएको आयोगले ठहर रिपोर्ट पेश गरेमा र सो रिपोर्ट **श्री ५** बाट स्वीकृत गरिबक्सेमा राष्ट्रिय पञ्चायतको त्यस्तो सदस्य निष्कासित हुनेछ र त्यसरी निष्कासित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

(३) राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त हुन आएमा त्यसको पूर्ति यथाशीघ्र गरिनेछ । रिक्त स्थानको पूर्ति जुन सदस्यको स्थान रिक्त भएको छ सो सदस्य जुन तरीकाबाट निर्वाचित वा मनोनित भएको थियो सोही तरीकाबाट गरिनेछ ।

(४) कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुंदैमा रिक्त हुन गयो भने निजको स्थानमा बाँकी रहन गएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्नेछ ।

३९. **अध्यक्ष–** (१) राष्ट्रिय पञ्चायतको अध्यक्ष राष्ट्रिय पञ्चायतको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट **श्री ५** बाट नियुक्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतको अध्यक्षको पदावधि दुइ वर्षको हुनेछ र निज पुर्ननियुक्तिका निमित्त योग्य हुनेछन् ।

(३) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः—

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा **श्री ५** बाट स्वीकृत गरिबक्सेमा;

(ख) निज राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) निजको पदावधि समाप्त भएमा; वा

(घ) राष्ट्रिय पञ्चायतका सदस्यहरूको सम्पूर्ण सदस्य संख्याको तीन खण्डमा दुइ खण्डको बहुमतले गरेको सिफारिश अनुसार **श्री ५** बाट निजलाई हटाइबक्सेमा ।

(४) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा वा अस्वस्थता वा अरू कुनै कारणले राष्ट्रिय पञ्चायतको अध्यक्ष आफ्नो पदको काम गर्न असमर्थ भएमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्न अधिकृत गर्न सकिबक्सनेछ ।

(५) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

(६) राष्ट्रिय पञ्चायतको अध्यक्षको नियुक्ति नहुञ्जेलसम्मका लागि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पनि नभएको अवस्थामा **श्री ५** बाट तोकिबक्सेको व्यक्तिले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्न सक्नेछ ।

४०. **उपाध्यक्ष**— (१) राष्ट्रिय पञ्चायतका सदस्यहरूले आफू मध्येबाट एक सदस्यलाई राष्ट्रिय पञ्चायतको उपाध्यक्ष छान्नेछन् ।

(२) राष्ट्रिय पञ्चायतको उपाध्यक्षले, राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुपस्थितिमा, राष्ट्रिय पञ्चायतका बैठकहरूको सभापतित्व गर्नेछन् र धारा ३९ को उपधारा (४) अनुसार अधिकृत भएमा राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि दुइ वर्षको हुनेछ र निज पुर्ननियुक्तिका निमित्त योग्य हुनेछन् ।

(४) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः–

(क) निजले अध्यक्षलाई लिखित सूचना दिई उपाध्यक्षको पदबाट राजीनामा दिएमा;

(ख) निज राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा; वा

(ग) निजको पदावधि समाप्त भएमा ।

(५) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

४१. **निर्देशक समिति–** (१) राष्ट्रिय पञ्चायतमा पेश हुने कार्यक्रम सुव्यवस्थित ढंगले मिलाउने सम्बन्धमा र अन्य विषयहरूमा समेत राष्ट्रिय पञ्चायतको अध्यक्षलाई सल्लाह दिनको निमित्त एक्काइस जना सदस्यहरूको एउटा निर्देशक समिति रहनेछ । निर्देशक समितिको अरू कार्य राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिए बमोजिम हुनेछ ।

(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन अध्यक्ष र उपाध्यक्ष हुनेछन् र **श्री ५** का कानून मन्त्री, अर्थ मन्त्री, गृह मन्त्री र पञ्चायत व्यवस्था सम्बन्धी मन्त्री पदेन सदस्य हुनछन् । निर्देशक समितिका अरू सदस्यहरूको निर्वाचन राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिएको तरीकाले राष्ट्रिय पञ्चायतका सदस्यहरूद्वारा गरिनेछ ।

(३) निर्देशक समितिको पदेन सदस्य बाहेक अरू सदस्यहरूको कार्यकाल दुइ वर्षको हुनेछ ।

४२. **अधिवेशन–** (१) यो संविधान प्रारम्भ भएपछि **श्री ५** बाट यथाशक्य चाँडो राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशनमा बोलाइबक्सनेछ ।

(२) त्यसपछि यस संविधानका धाराहरूको अधीनमा रही समय समयमा राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई अरू अधिवेशनहरूमा **श्री ५** बाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बोलाउन सकिबक्सनेछ ।

(३) **श्री ५** बाट राष्ट्रिय पञ्चायतको अधिवेशनको अन्तगर्न सकिबक्सनेछ ।

तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको बीचको अवधि सामान्यतः छ महीना भन्दा बढी हुन हुँदैन ।

(४) राष्ट्रिय पञ्चायत स्थगित भएको बखतमा, राष्ट्रिय पञ्चायतको बैठक शीघ्रतर बोलाउन आवश्यक सम्झिबक्सेमा, **श्री ५** बाट त्यस्तो बैठक बस्ने मिति र समय तोवन सकिबक्सनेछ र त्यसरी तोकिएको मिति र समयमा राष्ट्रिय पञ्चायतको बैठक बस्नेछ ।

(५) राष्ट्रिय पञ्चायत आफ्नो नियमावली ो अधीनमा रही पास भएको कुनै प्रस्ताव अनुसार स्थगित हुन सक्नेछ ।

(६) राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिको बैठकमा हुने काम कारवाई खुला रूपमा हुनेछैन :—

तर—

(क) राष्ट्रिय पञ्चायतलाई **श्री ५** बाट संवोधन गरिबक्सेको वा कुनै आमन्त्रित विशिष्ट व्यक्तिले संवोधन गरेको अवसरमा राष्ट्रिय पञ्चायतको अध्यक्ष वा सचिवले अनुमति दिएमा जोसुकैले आई सो हेर्न सुन्न सक्तछन् ; र

(ख) राष्ट्रिय पञ्चायतको नियमावली अनुसार राष्ट्रिय पञ्चायतको प्रत्येक बैठकको काम कारवाईको संक्षिप्त विवरण सर्वसाधारण जनताको जानकारीका लागि यथाशीघ्र प्रकाशित गरिनेछ ।

४३. **श्री ५ ब ट संवोधन र सन्देश—** (१) श्री ५ बाट राष्ट्रिय पञ्चायतलाई संवोधन गर्न सकिबक्सनेछ र त्यसको निमित्त सदस्यहरूको उपस्थिति समावेश गर्न सकिबक्सनेछ ।

(२) **श्री ५** बाट राष्ट्रिय पञ्चायतलाई सन्देश पठाउन सकिबक्सनेछ र राष्ट्रिय पञ्चायतले सो संदेशमा रहेका कुराहरू माथि यथाशीघ्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विचार गरी **श्री ५** का हजूरमा आफ्नो राय चढाउनु पर्नेछ ।

४४. **राष्ट्रिय पञ्चायतद्वारा श्री ५ का हजूरमा संबोधन–** राष्ट्रिय पञ्चायतले सदस्यहरूको बहुमतद्वारा पास भएको प्रस्ताव अनुसार **श्री ५** का हजूरमा संबोधन चढाउन सक्नेछ ।

४५. **बहसमा बन्देज–** (१) **श्री ५,** श्री ५ बडामहारानी र राजगद्दीका उत्तराधिकारीहरूको आचरणका सम्बन्धमा राष्ट्रिय पञ्चायतमा कुनै छलफल गर्न पाइने छैन ।

तर यस उपधारामा भएको कुनै कुराले पनि श्री ५ को सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) कुनै न्यायाधीशले आफ्नो कर्तव्य पालन गर्दा गरेको कुनै कार्यको विषयमा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

तर धारा ६९ को उपधारा (४) को खण्ड (ख) मा उल्लेख गरिएको अवस्थाको प्रस्तावमा छलफल गर्दा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशले आफ्नो कर्तव्यपालन गर्दा गरेको कुनै कार्यका सम्बन्धमा छलफल गर्न यस उपधाराले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(३) नेपालको कुनै अदालतको समक्ष विचाराधीन रहेको कुनै मुद्दा सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

४६. **मतदान–** यो संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक राष्ट्रिय पञ्चायतमा निर्णयको निमित्त प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यत: मत दिने अधिकार हुनेछैन तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

४७. **कुनै स्थानको रिक्तावस्थामा राष्ट्रिय पञ्चायतको कार्यसञ्चालन अधिकार–** राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त छ भने पनि आफ्नो कार्य चालू राख्ने अधिकार राष्ट्रिय पञ्चायतलाई हुनेछ र त्यस्तो अवस्थामा वा राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि त्यहाँ भएको जुनसुकै कार्य मान्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८. **अनधिकार उपस्थिति वा मतदानको दण्ड–** (१) धारा ५२ को रीत नपुऱ्याई वा राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त चाहिने योग्यताको अभाव छ भन्ने थाहा पाउंदा पाउंदै पनि कुनै व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्यको हैसियतमा उपस्थित हुन्छ वा मतदान गर्छ भने निजलाई त्यसरी उपस्थित भएको वा मतदान दिएको हरएक दिनको एक सय रुपैयाँको दरलें दण्ड लाग्नेछ र सो दण्ड सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(२) उपधारा (१) को कुनै पनि कुरा धारा २६ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्याँश अनुसार नियुक्त मन्त्रीलाई लागू हुनेछैन र निजले राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित हुन र राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन पाउने छन् ।

तर राष्ट्रिय पञ्चायतको सदस्य नभएसम्म निजले त्यहाँ मतदान गर्न पाउने छैनन् ।

४९. **गणपूरक–** राष्ट्रिय पञ्चायतको बैठक भएको जुनसुकै समयमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको एक खण्ड भन्दा कम सदस्यहरू मात्र उपस्थित छन् भनी अध्यक्षता गर्ने व्यक्तिको ध्यान आकर्षित गरियो भने अध्यक्षता गर्ने व्यक्तिले राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही सो संख्या नपुगेसम्म बैठकको कार्य निलम्बन गर्न वा अर्को बैठक बस्ने दिनसम्म बैठक स्थगित गर्न सक्नेछ ।

५०. **कार्य सञ्चालन विधि–** (१) यस संविधानमा लेखिएका कुराहरूका अधीनमा रही आफ्नो वा आफ्ना समितिहरूको कार्य सञ्चालन गर्न, बैठक बसेको समयमा व्यवस्था कायम राख्न र अरू कुनै कुरा नियमित गर्नको निमित्त राष्ट्रिय पञ्चायतले नियमावली बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिमको नियमावली नबनुञ्जेलसम्मका लागि सो उपधारामा उल्लेख गरिएका कुराहरू **श्री ५** बाट बनाइबक्सेको नियमावली अनुसार व्यवस्थित हुनेछन् ।

५१. **राष्ट्रिय पञ्चायतको विशेषाधिकार–** (१) यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीका अधीनमा रही राष्ट्रिय पञ्चायतमा पूर्ण

आधिकारिकतो मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाक्स्वतन्त्रता रहनेछ र राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिमा बोलेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर राष्ट्रिय पञ्चायतको कुनै पनि सदस्यलाई गिरफ्तार गर्न, थुन्न वा निज उपर कुनै अदालतमा कारवाई चलाउन सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतलाई आफ्नो आन्तरिक कुराहरू नियमित गर्ने पूरा अधिकार रहनेछ र राष्ट्रिय पञ्चायतको कुनै कारवाई नियमित वा अनियमित के छ सो निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई मात्र रहनेछ र त्यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै पनि कारवाईलाई राष्ट्रिय पञ्चायतको असल नियत बारे शंका उठाई व्याख्या गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराका सम्बन्धमा जानी जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्य वा पदाधिकारीलाई देहायको अवधिभर गिरफ्तार गर्न सकिने छैनः–

(क) राष्ट्रिय पञ्चायतको अधिवेशन कालसम्म; र

(ख) अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधि-वेशन प्रारम्भ नहुञ्जेलसम्मको अवधिभर ।

तर निवारक नजरबन्द राख्ने व्यवस्था भएको कुनै कानून अनुसार वा कुनै फौज्दारी अभियोगमा कुनै सदस्य वा पदाधिकारीलाई कानून अनुसार गिरफ्तार गर्न यस उपधाराले कुनै बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य वा पदाधिकारीलाई गिरफ्तार गरिएमा गिरफ्तार गर्ने अधिकारीले त्यसको सूचना राष्ट्रिय पञ्चायतको अध्यक्षलाई तुरुन्त दिनु पर्नेछ ।

(५) राष्ट्रिय पञ्चायतले दिएको अधिकार अन्तर्गत कुनै रिपोर्ट वा अन्य कागजपत्र वा मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा कारवाई चल्नेछैन ।

(६) राष्ट्रिय पञ्चायतको विशेषाधिकारको हननलाई राष्ट्रिय पञ्चायतको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ छैन भन्ने कुराको निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई नै हुनेछ ।

(७) (क) कसैले राष्ट्रिय पञ्चायतको अवहेलना गरेमा राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीले राष्ट्रिय पञ्चायतको निर्णयबाट सो व्यक्तिलाई बढीमा राष्ट्रिय पञ्चायतको अधिवेशन चलुञ्जेलसम्म कैदको सजाय दिने आदेश दिन सक्नेछ ।

तर त्यस्तो कसूरको अभियोग लागेका व्यक्तिलाई सजाय किन न-हुनु पर्ने भन्ने कारण पेश गर्ने मौका नदिई त्यस्तो सजाय दिइने छैन ।

(ख) यस उपधारा बमोजिम सजाय हुने कसूरका सम्बन्धमा आरोप लागेका व्यक्ति उपर गिरफ्तारीको आदेश वा समन जारी गर्ने, साक्षी झिकाउने, प्रमाण बुझ्ने, लिखतहरू दाखिल गराउने र बयान बकपत्र गराउने अधिकार राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीलाई हुनेछ ।

(ग) यस उपधारा बमोजिम आफूले कैदको सजाय दिने अधिकार भएको व्यक्तिलाई राष्ट्रिय पञ्चायतले आफ्नो कुनै अधिकारीको जिम्मामा थुन्न वा सरकारी जेलमा थुनामा राख्न लगाउन पाउनेछ ।

५२. **शपथ–** राष्ट्रिय पञ्चायतको प्रत्येक सदस्यले पहिलो पटक आसन ग्रहण गर्नुभन्दा अघि राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने व्यक्तिको संमुख **श्री ५** बाट निर्धारित रूपमा शपथ ग्रहण गर्नु पर्नेछ ।

५३. **पारिश्रमिक–** राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

५४. **सचिव–** राष्ट्रिय पञ्चायतको सचिव **श्री ५** बाट नियुक्त गरिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ६

## व्यवस्थापन–विधि

५५. **विधेयक प्रस्तुत गर्न सकिने**–राष्ट्रिय पञ्चायतको कुनै सदस्यले यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही राष्ट्रिय पञ्चायतमा विधेयक प्रस्तुत गर्न सक्नेछ ।

तर–

(क) देहायको कुनै विषय सम्बन्धी विधेयक वा संशोधन **श्री ५** को मन्त्री वा सहायकमन्त्री बाहेक अरूले प्रस्तुत गर्नु भन्दा अघि **श्री ५** को अनुमति प्राप्त गर्नु पर्नेछ र त्यस्तो अनुमति **श्री ५** को मन्त्री वा सहायक मन्त्रीद्वारा प्राप्त हुनेछः–

(१) कर लगाउने वा उठाउने वा करको दर बढाउने;

(२) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम बढाउने;

(३) राष्ट्र ऋण सम्बन्धी कुरा; वा

(४) शाही सेना सम्बन्धी कुरा ।

(ख) धारा १७ को उपधारा (२) मा उल्लेख गरिएको कुनै वा सबै उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको विधेयक **श्री ५** को अनुमति बिना प्रस्तुत गरिने छैन र **श्री ५** बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ ।

५६. **विधेयकमा स्वीकृति**– (१) कुनै विधेयक राष्ट्रिय पञ्चायतमा पास भए पछि सो विधेयक स्वीकृतिको निमित्त **श्री ५** का समक्ष पेश गरिनेछ र मौसूफबाट स्वीकृति बक्सन चाहिबक्सेकोमा सो विधेयक पेश भएका साधारणतया एक महीना भित्रमा स्वीकृति बक्सेको सूचना पठाइबक्सनेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र मौसूफबाट स्वीकृति बक्सन नचाहिबक्सेको वा संशोधन सहित स्वीकृति बक्सन चाहिबक्सेकोमा उपधारा (२) बमोजिम गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतले पास गरेको कुनै विधेयक माथि **श्री ५** बाट स्वीकृति बक्सन नचाहिबक्सेमा वा संशोधन सहित स्वीकृति बक्सन चाहिबक्सेमा राजसभासंग परामर्श गरी राष्ट्रिय पञ्चायतमा सोही बमोजिमको सन्देश सहित फिर्ता पठाइबक्सनेछ र राष्ट्रिय पञ्चायतले त्यस्तो सन्देश माथि यथाशीघ्र विचार गरी **श्री ५** मा आफ्नो राय चढाउनेछ र सो राय माथि विचार गरी मौसूफबाट स्वीकृति बक्सने, नबक्सने वा संशोधन सहित स्वीकृति बक्सने अन्तिम निर्णय गरिबक्सनेछ ।

(३) राष्ट्रिय पञ्चायतमा छलफल भएको तर पास हुन नसकेको कुनै विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत रूपमा वा संशोधन सहित पास हुन **श्री ५** बाट राजसभासंग परामर्श गरी वाञ्छनीय संझिबक्स्यो भने मौसूफबाट कारण सहित सोही बमोजिमको सन्देश राष्ट्रिय पञ्चायतमा पठाइबक्सनेछ र राष्ट्रिय पञ्चायतले सो सन्देशमाथि यथाशीघ्र विचार गरी आफ्नो राय **श्री ५** मा चढाउनेछ र त्यस्तो रायमाथि विचार गरी सो विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत रूपमा वा संशोधन सहित **श्री ५** बाट स्वीकृत गर्न सकिबक्सनेछ ।

(४) **श्री ५** बाट यो धारा बमोजिम कुनै विधेयकमा स्वीकृति बक्सेपछि सो विधेयक ऐन बन्नेछ र विधेयकमा लालमोहर लागेपछि त्यस्तो स्वीकृति बक्सेको मानिनेछ ।

५७. **अध्यादेश–** (१) राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको बखतमा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा **श्री ५** सन्तुष्ट होइबक्सेमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मौसूफबाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी परिस्थिति अनुसार आवश्यक संझिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जारी भएपछि बसेको राष्ट्रिय पञ्चायतमा सात दिनभित्र पेश गरिनेछ;

(ख) **श्री ५** बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ; र

(ग) खण्ड (ख) बमोजिम खारेज नभएमा राष्ट्रिय पञ्चायतको बैठक बसेको पैंतालिस दिन पछि स्वत: निष्क्रिय हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १०

## आर्थिक कार्यप्रणाली

५८. **कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने**– (१) कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन।

(२) कानून बमोजिम बाहेक **श्री ५** को सरकारद्वारा कुनै ऋण लिइने छैन।

५९. **सञ्चित कोष**– **श्री ५** को निजी राजस्व, गुठी रकम र स्थानीय कर बाहेक **श्री ५** को सरकारलाई प्राप्त हुने अरू सबै प्रकारको राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असूल हुंदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारीकोषमा आम्दानी बाँधिनेछ जसलाई सञ्चित कोष भनिन्छ।

६०. **सञ्चित कोषबाट व्यय**– विनियोजन गर्ने ऐन वा धारा ६४ वा ६५ अन्तर्गतको ऐन अनुसार वा सञ्चित कोषमाथि व्ययभार भएको रकम बाहेक सञ्चित कोषबाट वा आकस्मिक कोष बाहेक अन्य कुनै सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन।

६१. **सञ्चित कोषमाथि व्ययभार**– देहायका कुराहरू सञ्चित कोषमाथि व्ययभार हुनेछन्:–

(क) राजपरिवारको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम;

(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक:–

(१) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष,

(२) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू, र

(४) महालेखा परीक्षक;

(ग) राजसभा, राष्ट्रिय पञ्चायत, सर्वोच्च अदालत, लोक सेवा आयोग र महालेखा परीक्षकको विभाग सम्बन्धी प्रशासनव्ययहरू;

(घ) ऋण सम्बन्धी सबै भार;

(ङ) श्री ५ को सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा डिग्री अनुसार तिर्नु पर्ने रकम; र

(च) ऐनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निधो गरेको रकम ।

६२. **राजस्व र व्ययको अनुमान**– (१) श्री ५ बाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राष्ट्रिय पञ्चायतको संमुख देहाय बमोजिमका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाइबक्सनेछः–

(क) राजस्वको अनुमान ।

(ख) सञ्चित कोषप्रति व्ययभार हुने चाहिंदा रकमहरू; र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने चाहिंदा रकमहरू ।

(२) विनियोजन ऐन अनुसार व्यय हुने चाहिंदा रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिने छन् ।

६३. **पूरक अनुमान**– (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा श्री ५ बाट पूरक अनुमान राष्ट्रिय पञ्चायतको संमुख राख्न लगाइबक्सनेछः–

(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरूरत पर्‍यो भने; वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अधिकृत भएको रकम भन्दा बढी खर्च हुन गएको छ भने ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूरक विनियोजन विधेयकमा राखिने छन् ।

६४. **पेश्की खर्च–** (१) यो भागमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको निमित्त अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीको रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ६२ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयाँश भन्दा अधिक हुनेछैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

६५. **उधारो खर्च–** (१) यो भागमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक बिघ्न वा अरू कुनै कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटको अवस्था भएमा धारा ६२ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने कुरामा **श्री ५** सन्तुष्ट होइबक्सेमा मौसूफबाट व्ययको वाञ्छनीय ठहराइबक्सेको विवरण मात्र भएको उधारो खर्च विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत गर्न लगाइबक्सनेछ ।

(२) उधारो खर्च ऐन अनुसार खर्च भएको रकम यथाशीघ्र पूरक विनियोजन विधेयकमा समावेश गरिनेछ ।

६६. **आकस्मिक कोष–** ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र सो कोषमा समय समयमा ऐनले निधो गरे अनुसार रकम जम्मा गरिनेछ । **श्री ५** बाट स्वीकृति बक्से बमोजिम सो कोषबाट आकष्मिक कार्यका लागि खर्च गरिनेछ । त्यस्तो खर्चको रकम पूरक विनियोजन ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

६७. **आर्थिक कार्यविधि सम्बन्धी ऐन–** ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरू आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ११

## सर्वोच्च अदालत

६८. **सर्वोच्च अदालत–** (१) नेपालको एक सर्वोच्च अदालत हुनेछ जसमा नेपालका प्रधान न्यायाधीश र कानूनद्वारा बढी संख्या न तोकिएमा अन्य छ जनासम्म न्यायाधीश रहनेछन् ।

(२) सर्वोच्च अदालत, यो संविधानको व्यवस्थाका अधीनमा रही, अभिलेख अदालत हुनेछ र त्यसले आफ्नो वा आफ्ना मातहतका अदालतको अवहेलना सम्बन्धमा कानूनले तोकेको सजाय गर्न सक्नेछ ।

६९. **सर्वोच्च अदालतका न्यायाधीशहरू–** (१) **श्री ५** बाट चाहिबक्सेमा राजसभाका उचित संझिबक्सेका सदस्यहरूसंग परामर्श गरी र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको राय पनि बुझी प्रधान न्यायाधीशलाई नियुक्त गरिबक्सनेछ र अन्य न्यायाधीशहरूलाई प्रधान न्यायाधीशसंग परामर्श गरी नियुक्त गरिबक्सनेछ ।

(२) उपधारा (४) का अधीनमा रही प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश पैसट्ठी वर्षको उमेर नपुगेसम्म आफ्ना पदमा बहाल रहनेछन् ।

(३) देहाय बमोजिम् नभई कुनै पनि व्यक्ति प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशको पदमा नियुक्त हुन योग्य हुनेछैन:–

(क) कम्तीमा जिल्ला न्यायाधीश वा सो सरहको न्यायिक पदमा पाँच वर्ष काम गरेको नभई;

(ख) कम्तीमा सरकारी वा गैरसरकारी प्लिडरको हैसियतमा सात वर्ष वकालत गरेको नभई; वा

(ग) **श्री ५** को विचारमा कानूनवेत्ता नभई ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश–

(क) **श्री ५** का समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन्; वा

(ख) कार्यक्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छन् भन्ने कुरामा राष्ट्रिय पञ्चायतले **श्री ५** मा चढाएको संवोधनको फलस्वरूप वा स्वयं नै **श्री ५** बाट नियुक्त गरिबक्सेको सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति वा व्यक्तिहरूको आयोगले ठहर रिपोर्ट पेश गरेमा **श्री ५** बाट हटाउन सकिबक्सिनेछ ।

तर त्यस्तो आरोप लागेका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशलाई आयोगमा आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(५) उपधारा (४) को खण्ड (ख) अनुसार नियुक्त आयोगलाई वयान लिने, प्रमाण बुझ्ने र आफ्नो अवहेलनाका लागि सजाय गर्ने विषयमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(६) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(७) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थता वा अरू कुनै कारणले प्रधान न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा **श्री ५** बाट तोकिबक्सेको सर्वोच्च अदालतको कुनै अन्य न्यायाधीशले कायम मुकायम प्रधान न्यायाधीश भई सो पदको काम गर्नेछन् ।

(८) **श्री ५** बाट तोकिएको अवधिसम्म तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी सर्वोच्च अदालतमा, प्रधान न्यायाधीशसंग परामर्श गरी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक भए अनुसार अस्थायी वा अतिरिक्त न्यायाधीश नियुक्त गर्न सकिबक्सनेछ ।

तर त्यस्तो न्यायाधीश उपधारा (३) मा लेखिएको योग्यता पुगेको हुनु पर्छ ।'

(६) सर्वोच्च अदालतको स्थायी न्यायाधीश भइसकेको व्यक्तिले कुनै पनि अड्डा अदालतमा उपस्थित भई वकालत गर्न हुँदैन ।

७०. **सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्र–** सर्वोच्च अदालतले शुरू मुद्दा हेर्ने, अपील सुन्ने, साधक हेर्ने, तल्लो अदालतको अपील नलाग्ने मुद्दा दोहऱ्याउने समेतको अधिकारक्षेत्र कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

७१. **सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र–** यो संविधानको भाग ३ द्वारा प्रदत्त हकका प्रचलनका लागि वा अन्य उपचारको व्यवस्था नगरिएको भए तत्काल प्रचलित अन्य कानूनद्वारा प्रदत्त हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

तर यो धारामा लेखिएको कुनै कुरा कोर्टमार्शलको अधिकारक्षेत्र भित्र पर्ने विषयका सम्बन्धमा लागू हुनेछैन ।

७२. **सर्वोच्च अदालतले आफ्नो निर्णय आफै बदर गर्न नहुने–** सर्वोच्च अदालतले आफ्नो अन्तिम निर्णय आफैं बदर गर्न हुँदैन ।

तर सर्वोच्च अदालतले–

(क) कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो निर्णयको रिभ्यू गर्न सक्दछ; र

(ख) कानूनद्वारा निर्धारित अवधिभित्र सम्बन्धित पक्षको निवेदनपत्र परी **श्री ५** बाट यस कामका निमित्त नियुक्त न्यायिक समितिको सिफारिशमा कुनै मुद्दा (सर्वोच्च अदालतको अन्तिम निर्णय भएको) दोहऱ्याउने आदेश बक्सेमा आफ्नो अघिको निर्णय जाँची

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानून बमोजिम टुङ्गो लगाउन हुन्छ ।

७३. **सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त मान्य हुने–** यो संविधान वा तत्काल प्रचलित अन्य कानूनद्वारा प्राप्त आफ्नो अधिकार क्षेत्रभित्र मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त सबै अदालतले मान्न कर लाग्नेछ ।

तर यो संविधान प्रारम्भ नहुँदै सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त यो संविधान प्रारम्भ भएपछि सर्वोच्च अदालतका निमित्त नजीर नहुन पनि सक्दछ ।

७४. **न्याय सेवा आयोग–** (१) प्रधान न्यायाधीश, न्यायमन्त्री र लोकसेवा आयोगका अध्यक्ष भएको एक न्याय सेवा आयोग हुनेछ जसको सिफारिशमा श्री ५ को सरकारले कानून बमोजिम न्याय सेवाको गजेटेड पदमा नियुक्ति, सरूवा, बढुवा र सो पदका कर्मचारी उपर विभागीय कारवाई र विभागीय सजाय गर्न सक्नेछ ।

तर सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवामा भर्ना गर्दा श्री ५ को सरकारले लोकसेवा आयोगसंग परामर्श लिनु पर्छ ।

(२) न्याय सेवा आयोगको अरू अधिकार, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १२

## महालेखा परीक्षक

७५. **महालेखा परीक्षक–** (१) नेपालका एक महालेखा परीक्षक हुनेछन् जसलाई **श्री ५** बाट राजसभासंग चाहि बक्सेमा परामर्श गरी नियुक्त गरिबक्सने छ ।

(२) महालेखा परीक्षक आफ्नो पदावधि पूरा नभएसम्म बहाल रहने छन् ।

तर–

(क) **श्री ५** का समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन्; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिने छ ।

(३) महालेखा परीक्षकको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म **श्री५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(४) महालेखा परीक्षक भइसकेको व्यक्ति सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुनेछैन ।

७६. **महालेखा परीक्षकको काम र अधिकार–**(१) राजसभा, राष्ट्रिय पञ्चायत, सर्वोच्च अदालत र लोक सेवा आयोगको अफिस लगायत सबै सरकारी बिभाग, अड्डा, अदालत र श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखा कानूनद्वारा निर्धारित तरीकाले महालेखा परीक्षकबाट परीक्षण हुनेछ । महालेखा परीक्षक र निजका सहायकहरूलाई त्यस्तो लेखा सम्बन्धी सबै कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ ।

(२) सबै सरकारी विभाग, अड्डा र अदालतको लेखा, महालेखा परीक्षकले लेखापरीक्षण सम्बन्धी ऐनकाअधीनमा रही तोकेको ढांचामा, राखिने छ र त्यसरी ढांचा नतोकिएसम्म साबिक बमोजिमको ढांचा नै कायम रहने छ ।

(३) महालेखा परीक्षकले गर्ने लेखासंग सम्बन्धित अरू काम कानून-द्वारा निर्धारित भए बमोजिम हुनेछ र त्यस्तोमा निजले सम्बन्धितकानून-द्वारा प्राप्त अधिकार प्रयोग गर्न सक्ने छन् ।

(४) यस धारा बमोजिम आफूले गरेको कामको वार्षिक रिपोर्ट महालेखा परीक्षकले **श्री ५** मा चढाउने छन् र मौसूफबाट त्यस्तो रिपोर्ट राष्ट्रिय पञ्चायत समक्ष राख्न लगाई बक्सने छ ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १३

## लोकसेवा आयोग

७७. **लोकसेवा आयोग**–(१) नेपालको एक लोकसेवा आयोग हुनेछ र त्यसमा **श्री५** बाट तोकिबक्से जति सदस्य रहने छन् जसमध्ये **श्री ५** बाट तोकिबक्सेका एक सदस्य आयोगका अध्यक्ष हुनेछन् ।

(२) लोकसेवा आयोगमा कम्तीमा तीन खण्डको एक खण्ड सदस्य बहाल हुनु भन्दा ठीक पाँच वर्ष अघिसम्म सरकारी सेवामा नरहेका व्यक्ति हुनेछन् ।

(३) **श्री ५** बाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी लोकसेवा आयोगका सदस्य नियुक्त गरिबक्सने छ ।

(४) लोकसेवा आयोगका सदस्य नियुक्त भएका मितिले ६ वर्षसम्म आफ्नो पदमा बहाल रहने छन् ।

तर–

(क) **श्री ५** का समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन्; वा

(ख) कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न निज असमर्थ छन् भन्ने कुरा राजसभासंग परामर्श गर्दा **श्री ५** मा लागेमा मौसूफबाट सर्वोच्च अदालतको रायको निमित्त पठाई सो अदालतको ठहर अनुसार सो पदबाट हटाउन सकिबक्सने छ ।

(५) उपधारा (४) को खण्ड (ख) अनुसारको आरोप लागेका लोकसेवा आयोगका सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मुनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(६) लोकसेवा आयोगका सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्त ऐन-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । लोकसेवा आयोगका सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(७) लोकसेवा आयोगका सदस्य भइसकेका व्यक्ति सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुनेछैनन् ।

७८. **लोकसेवा आयोगको काम**– (१) देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्छ:–

(क) निजामती सेवाका शर्त सम्बन्धी कानूनको विषयमा;

(ख) निजामती सेवा वा पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा;

(ग) वार्षिक बाह्र सय रूपैयाँ भन्दा बढी तलबको शुरू अंक भएको स्थायी निजामती पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा त्यस्तो पदमा ६ महीना भन्दा बढी समयका लागि अस्थायी नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;

(घ) कुनै एक प्रकारको निजामती सेवाबाट अर्को प्रकारको निजामती सेवामा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तता-को विषयमा; र

(ङ) गजेटेड निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

तर यो संविधान बमोजिम–

(१) न्यायसेवा आयोगको अधिकार र कर्तव्यका विषयमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ; र

(२) लोकसेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोकसेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरूवा वा बढुवा गर्दा लोकसेवा आयोगको परामर्श लिनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो संविधान प्रारम्भ भएपछि वार्षिक बाह्र सय रूपैयाँ भन्दा बढी तलबको शुरू अंक भएको निजामती पदमा लोकसेवा आयोगको परामर्श स्वीकार नगरी नयाँ भर्नाद्वारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले पेन्सन पाउन सक्ने छैन ।

(३) जुनसुकै सरकारी सेवा वा पदको विषयमा **श्री ५** बाट लोकसेवा आयोगको परामर्श लिन सकिबक्सने छ ।

(४) यो धाराको तात्पर्यका लागि सैनिक अफिसर वा जवान, पुलिस कर्मचारी र **श्री ५** बाट निजामती पद होइन भनी आदेशद्वारा तोकिबक्सेको पदमा नियुक्त कर्मचारी बाहेक श्री ५ को सरकारका अरू सबै कर्मचारीलाई निजामती कर्मचारी र त्यस्ता कर्मचारीको सेवा वा पदलाई निजामती सेवा वा पद मानिने छ ।

(५) यो धाराको व्यवस्थाका अधीनमा रही लोकसेवा आयोगको कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

(६) प्रत्येक वर्ष लोकसेवा आयोगले आफूले गरेका कामको रिपोर्ट **श्री ५** मा चढाउने छ र मौसूफबाट त्यस्तो रिपोर्ट राष्ट्रिय पञ्चायतको समक्ष राख्न लगाइबक्सने छ । लोकसेवा आयोगको परामर्श स्वीकार नगरिएको कुनै कुरा भए त्यसको कारण समेत खोलिएको ज्ञापनपत्र पनि त्यस्तो रिपोर्टको साथै राष्ट्रिय पञ्चायतमा **श्री ५** बाट पठाउन लगाइबक्सने छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १४

## एटर्नी–जनरल

७९. **एटर्नी जनरल**– (१) नेपालका एक एटर्नी–जनरल हुनेछन् जसलाई **श्री ५** बाट नियुक्त गरिबक्सने छ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता नभई कुनै पनि व्यक्ति एटर्नी-जनरलको पदमा नियुक्त हुन योग्य हुनेछैन ।

(३) एटर्नी-जनरल आफ्नो पदमा **श्री ५** को इच्छा अनुसारको अवधि-सम्म बहाल रहने छन् । एटर्नी-जनरलको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । एटर्नी-जनरल आपनो पदमा बहाल रहे-सम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

८०. **एटर्नी जनरलको काम**– संवैधानिक र कानूनी विषयमा राय सल्लाह मागि-एमा **श्री ५**, श्री ५ को सरकार वा **श्री ५** बाट तोकिबक्सेका अन्य अधिकारी-लाई राय सल्लाह दिनु र यो संविधान वा तत्काल प्रचलित अन्य कानून बमो-जिम एटर्नी-जनरललाई तोकिएको अरू काम गर्नु एटर्नी-जनरलको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १५

## संकटकालीन अधिकार

८१. **संकटकालीन अधिकार**– (१) **श्री ५** को विचारमा नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षालाई युद्ध, वाह्य-आक्रमण वा आन्तरिक उपद्रवको खतरा परी गंभीर संकट उत्पन्न भएको छ भनी मौसूफलाई लागेमा मौसूफबाट सो कुराको घोषणा गरी देहायका कुराहरू गर्न सकिबक्सने छ:–

(क) यो धारा बाहेक यस संविधानको सबै वा कुनै धारा वा सो धाराका कुनै कुरा निलम्बित गर्न; र

(ख) राष्ट्रिय पञ्चायत वा अन्य कुनै सरकारी निकाय वा अधिकारीमा निहित वा तीद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसूफले नै ग्रहण गरिबक्सन ।

(२) उपधारा (१) अन्तर्गतको कुनै पनि घोषणा अर्को घोषणाद्वारा परिवर्तित वा खारेज हुन सक्ने छ र **श्री ५** बाट राष्ट्रिय पञ्चायतको निर्देशक समितिका सदस्यहरू र राजसभाको स्थायी समितिका सदस्यहरूसंग चाहिबक्सेमा परामर्श गरी गंभीर संकटकालीन परिस्थिति अब विद्यमान छैन भनी मौसूफ सन्तुष्ट होइ नबक्सेसम्म त्यस्तो घोषणा चालू रहने छ ।

(३) यस धारा अन्तर्गत अधिकार ग्रहण गरी **श्री ५** बाट बनाई बक्सेको कानून उपधारा (२) बमोजिम घोषणा कायम नरहेको ६ महीना पछि यो संविधानका अन्य धारासंग बाझिए जति स्वतः निष्क्रिय हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १६

## संविधान संशोधन

८२. **संविधान संशोधन**–(१) यो संविधानको संशोधन **श्री ५** बाट शाही घोषणाद्वारा हुन सक्ने छ ।

(२) **श्री ५** बाट उपधारा (१) अन्तर्गतको अधिकारको प्रयोग उपधारा (३) बमोजिमको विशेष समितिसंग परामर्श गरी सो समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा तीन खण्डको दुइ खण्डका बहुमतद्वारा समर्थन प्राप्त भए मात्र गरिबक्सने छ ।

(३) यस संविधानको संशोधनको शाही घोषणाको मसौदा उपर छलफल गरी सो मसौदामा थपघट गर्नु पर्ने देखिए सो समेतको सुझाव देहाय बमोजिमका व्यक्तिहरू सदस्य भएको एक विशेष समितिले दिन सक्ने छ :–

(क) राजसभाको स्थायी समितिका सदस्यहरू; र

(ख) राष्ट्रिय पञ्चायतको निर्देशक समितिका सदस्यहरू ।

(४) उपधारा (३) बमोजिमको विशेष समितिका सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले सो समितिको बैठकको सभापतित्व गर्नेछ ।

(५) यस धारा अन्तर्गत **श्री ५** बाट शाही घोषणाद्वारा गरिबक्सेको संशोधन यो संविधानको अभिन्न अङ्ग हुनेछ ।

४८ 2
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १७

## विविध

८३. **शाहीसेनाको परमाधिपत्य–** शाही सेनाको परमाधिपत्य **श्री ५** मा रहेको छ ।

८४. **माफी– श्री ५** बाट कुनै पनि न्यायाधिकारी वा विशेष अदालत वा ऐनद्वारा नियुक्त अधिकारीद्वारा दिइएको दण्डादेशलाई माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सकिबक्सनेछ ।

तर यस धारा अन्तर्गत **श्री ५** बाट अधिकार प्रयोग गरिबक्सँदा उपयुक्त ठहराई बक्से राजसभासँग परामर्श गरिबक्सने छ ।

८५. **उपाधि , सम्मान र विभूषण–** (१) उपाधि, सम्मान र विभूषणहरू **श्री ५** बाट मात्र प्रदान हुनेछन् ।

(२) **श्री ५** बाट स्वीकृति लिएर बाहेक नेपालको नागरिकले कुन अन्य देशले दिएको उपाधि, सम्मान वा विभूषण ग्रहण गर्न हुँदैन ।

८६. **राजप्रतिनिधिको व्यवस्था– श्री ५** बाट मौसूफ नेपाल बाहिर रहिबक्सेको अवधि वा कुनै तोकिएको अवधिसम्मको निमित्त लालमोहरले प्रमाणित गरिबक्सेको अधिकारपत्रमा तोकिएको शर्तको अधीनमा रही मौसूफबाट गरिबक्सने दैनिक कार्य सञ्चालन गर्ने कुनै एक वा एक भन्दा बढी व्यक्तिलाई अख्तियार दिन सकिबक्सने छ । त्यस्तो व्यक्ति वा व्यक्तिहरूले अधिकार पत्रमा तोकिएको शर्त तथा परिधिको अन्तर्गत रही गरेको कार्य यस संविधानको उद्देश्यका लागि **श्री ५** बाट भए सरह मानिने छ ।

८७. **अदालतमा सवाल जवाफ नहुने– श्री ५** बाट मौसूफको अधिकार प्रयोग गरिबक्सेकोमा वा मौसूफको कर्तव्य पालन गरिबक्सेकोमा वा मौसूफबाट गरिबक्सेका अरू कुनै कामका सम्बन्धमा कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यो धाराको कुनै कुराले **श्री ५ को** सरकार वा **श्री ५ का** कुनै कर्मचारीको विरुद्ध कारवाइ चलाउन पाउने कानूनले दिएको अधिकारलाई सीमित गरेको संझिने छैन ।

८८. **श्री ५ को कर्मचारीको सेवाको अवधि** – यो संविधानद्वारा अन्यथा व्यवस्था भएकोमा बाहेक **श्री ५** का कर्मचारी **श्री ५** को इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् तर निजहरूको सेवाको शर्त कानूनद्वारा व्यवस्थित हुनेछ ।

८९. **सपथ–** **श्री ५** का कर्मचारीहरूले **श्री ५** प्रति मौसूफबाट निर्धारित रूपमा श्रद्धा, निष्ठा र वफादारीको शपथ लिनु पर्नेछ ।

९०. **श्री ५ को अवशिष्ट अधिकार–** यो संविधान वा तत्काल प्रचलित अन्य कानूनमा व्यवस्था गरिएदेखि बाहेकका **श्री ५** का अरू सबै अन्तर्निहित अधिकार मौसूफमै रहिरहने छन् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १८

## परिभाषा र व्याख्या

९१. **परिभाषा र व्याख्या–** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा–

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ;

(ख) "विधेयक" भन्नाले **श्री ५** मा स्वीकृतिको निमित्त पेशहुने मसौदालाई सम्झनु पर्दछ ;

(ग) "नागरिक" भन्नाले नेपालको नगारिक सम्झनु पर्छ;

(घ) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनु पर्छ;

(ङ) "समावेदन" भन्नाले त्यस्तो समावेदन पेश गर्ने व्यक्तिको सहि परेको लिखत सम्झनु पर्छ; र

(च) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, पेंसन र जिन्सीको रूपमा दिइने अरू कुनै तरहको पारिश्रमिक समेत सम्झनु पर्छ ।

(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १९

## संक्रमकालीन प्रबन्ध

९२. **वर्तमान कानून लागू रहने**– यो संविधान प्रारम्भ हुनु अगाडिसम्म लागू रहेको सबै कानून, ऐनद्वारा खारेज वा संशोधन नभएसम्म, लागू रहेको रूपमा चालू रहनेछ ।

तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

९३. **राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशन नभए सम्म कानून बनाउने**– यो संविधान प्रारम्भ भएपछि र राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशन शुरू नभएसम्मको अवधिमा यो संविधान बमोजिम व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार **श्री ५** बाट स्वयं प्रयोग गरी आवश्यक ऐन बनाउन सकिबक्सनेछ र त्यस्तो ऐन अन्तर्गतको कानन सरहको नियम, आदेश वा उपनियम सोही ऐनमा तोकिएका अधिकारीले आवश्यकतानुसार बनाउन सक्नेछ ।

९४. **सर्वोच्च अदालत, लोकसेवा आयोग, इत्यादि बारेकोव्यवस्था**– यो संविधान प्रारम्भ हुंदाको अघिल्ला दिनसम्म रहेको सर्वोच्च अदालत र त्यसमा नियुक्त सबै न्यायाधीशहरू, लोक सेवा आयोग र त्यसमा नियुक्त सबै सदस्यहरू, नियुक्त महालेखा परीक्षक र एटर्नी–जनरल यो संविधान प्रारम्भ भएपछि यसै बमोजिम रहेका वा नियुक्त भएका मानिने छन् ।

तर त्यस्ता सबै पदाधिकारीहरूको कार्यकाल यो संविधान प्रारम्भ हुनु भन्दा अघि निर्धारित भए बमोजिमको हुनेछ र राष्ट्रिय पञ्चायत गठन नहुंदैको अवस्थामा यो संविधान वा तत्काल प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि **श्री ५** बाट आवश्यक संझिबक्सेमा त्यस्ता कुनै पदाधिकारीलाई सरूवा गर्न वा हटाउन सकिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५. **मन्त्रिपरिषद्, मन्त्रीहरू र सहायक मन्त्रीहरू बारेको व्यवस्था**– यो संविधान प्रारम्भ भएपछि र राष्ट्रिय पञ्चायतको गठन भई अर्को मन्त्रिपरिषद् नबने सम्म यो संविधान प्रारम्भ हुंदाका बखतको मन्त्रिपरिषद् यो संविधान अन्तर्गतको मन्त्रिपरिषद् मानिनेछ ।

तर **श्री ५** बाट आवश्यक संझिबक्सेमा सो अवधिमा मन्त्रीहरू र सहायक मन्त्रीहरूमा हेरफेर गर्न सकिबक्सनेछ ।

९६. **वाधा अड्काउ फुकाउने अधिकार**– यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन **श्री ५** बाट आवश्यक संझिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परे सरह मानिनेछ ।

तर राष्ट्रिय पञ्चायत गठन भएपछि त्यस्तो कुनै आदेश जारी हुनेछैन ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २०

## संक्षिप्त नाम र प्रारम्भ

९७. **संक्षिप्त नाम र प्रारम्भ**– (१) यो संविधानलाई नेपालको संविधान भनिनेछ ।

(२) यो संविधान सम्वत् २०१६ साल पौष १ गते रोज १ देखि प्रारम्भ हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची १

(धारा ५ संग सम्बन्धित)

## राष्ट्रिय झण्डा

### (क) किनारा भित्रको आकार बनाउने तरीका

(१) एउटा सिम्रिक रङ्गको रातो कपडामा तल्लो भागमा चाहिएको जति लम्बाईको रेखा बाँयाबाट दाहिनेतिर खिंच्ने र यसलाई **क ख** नाम राख्ने ।

(२) **क** बाट सीधा माथि **ग** सम्म **क ख** को लम्बाई जतिमा **क ख** कै तृतीयाँश थप्दा जति हुन्छ त्यति लामो हुने गरी **क ग** रेखा खिंच्ने । **क ग** मा **क** बाट **क ख** को लम्बाई जति लिई **घ** चिन्हो लाउने । **ख** र **घ** जोडने ।

(३) **ख घ** रेखामा **ख** बाट **क ख** जति लिई **ङ** चिन्हो लाउने ।

(४) **ङ** हुँदै **क ख** को समानान्तर पारेर **क ग** मा पर्ने बिन्दु **च** बाट शुरू गरी दाहिने तिर **छ** सम्म **क ख** को लम्बाई जति रेखा खिंच्ने ।

(५) **ग** र **छ** लाई जोड्ने ।

### (ख) चन्द्र बनाउने तरीका

(६) **क ख** को चतुर्थाम्श जति **क** बाट दाहिनेमा **ज** चिन्हो लाउने र त्यहाँबाट माथि **क ग** को समानान्तर पारेर **ग छ** लाई **झ** मा छुने रेखा खिंच्ने ।

(७) **ग च** को आधा **ञ** बाट **क ख** को समानान्तर पारेर रेखा दाँयातिर खिची **ग छ** लाई **ट** मा छुने ।

(८) **ञ ट** र **ज झ** रेखा काटिएको ठाउँमा **ठ** चिन्हो राख्ने ।

(९) **ञ** र **छ** जोड्ने ।

१०) **ञ छ** र **ज झ** काटिएको बिन्दुमा **ड** चिन्हो लाउन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) ड लाई केन्द्र मानी ख घ रेखालाई न्यूनतम अन्तर पर्ने गरी स्पर्श गर्दा हुने जति दूरी पर्ने गरी ज झ रेखाको तल्लो भागमा ढ चिन्हो लगाउने ।

(१२) ड मा छोई क खको समानान्तर रेखा बायाँबाट दायाँतिर खिंच्ने र यसले क ग लाई छोएको बिन्दुको नाम ण राख्ने ।

(१३) ठ केन्द्र लिएर ठ ढ व्यासार्द्धले तल्लो भागमा वृत्तखन्ड खिंच्ने र ण ड बाट गएको रेखालाई यसले छोएको दुवै ठाउँमा क्रमशः त र थ नाम राख्ने ।

(१४) ड लाई केन्द्र मानेर ड थ व्यासार्द्धलें तल्लो भागमा अर्ध वृत्ताकार त थ लाई छुने गरी खिंच्ने ।

(१५) ढ केन्द्र ढ डको व्यासार्द्धले त ढ थ वृत्तखन्डको दुवै तर्फ छुने गरि वृत्तखन्ड खिच्ने र यसले त ढ थ लाई छोएको बिन्दुहरूको नाम क्रमशःद र ध राख्ने । द ध लाई जोड्ने । द ध र ज झ काटिएको बिन्दुकोनाम न राख्ने ।

(१६) न लाई केन्द्र मानेर व्यासार्द्ध न ध ले त ढ थको माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी अर्धवृत्ताकार खिच्ने ।

(१७) न लाई केन्द्र मानेर व्यासार्ध न ड ले त ढ थको माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी वृत्तखन्ड खिच्ने ।

(१८) यो अनुसूची को नं. (१६) को अर्धवृत्ताकार भित्र र नं. (१७)को वृत्त-खन्ड बाहिर चन्द्रमाको आठौटा बराबरका कोण बनाउने ।

## (ग) सूर्य बनाउने तरीका

(१९) क च को आधा प बाट क ख को समानान्तर पारेर ख ङ मा छुने गरी प फ रेखा खिच्ने ।

(२०) ज झ र प फ काटिएको बिन्दु ब लाई केन्द्र मानेर ड ढ को व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।

(२१) ब लाई केन्द्र मानेर ठ ढ व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।

(२२) यो अनुसूची को नं. (२०) को वृत्ताकार बाहिर र यो अनुसूची को नं. (२१) को वृत्ताकार भित्र परेको गोल घेराको बीच भागमा सूर्यको बाह्र ओटा बराबरका कोणहरू दुइ चुच्चाहरूले ज झ रेखामा छुने गरी बनाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (घ) किनारा बनाउने तरीका

(२३) **न ढ** को चौडाई जति गाढा नीलो रंगको किनारा झण्डाको आकारको बाहिरी सबैतिरको सीमामा थप्ने तर झण्डाको पाँच कोण-हरूमा चाहिं बाहिरी कोणहरू पनि भित्रै सरहका बनाउने ।

(२४) झण्डा डोरी लगाई प्रयोग गरेमा माथि बताइएकै पट्टि राख्ने । झण्डा लट्ठीमा घुसारने हो भने **क ग** पट्टि आवश्यक परे जति किनारा चौडयाउने । डोरी वा लट्ठीको प्रयोगमा **क ग** को पट्टिमा प्वाल राख्ने ।

**स्पष्टीकरण**:- झण्डा बनाउँदा खिचिएका **ज झ, द ध, च ङ, ङ घ, ञ छ, ण थ, ञ ट र प फ** रेखाहरू कल्पित हुन् । त्यस्तै सूर्यका बाहिरी र भित्री वृत्ताकारहरू तथा खुर्पे चन्द्र बाहेक अरू वृत्तखण्ड पनि कल्पित हुन् ।यिनलाई झण्डामा देखाइँदैन ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची २

[धारा ६ को उपधारा (१) संग सम्बन्धित]

## राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौं जय प्रेमले
हामी नेपाली भाई साराले ।
बैरी सारा हराउन् शान्त होउन् सबै बिघ्न व्यथा,
गाऊन् सारा दुनियाँले सहर्ष नाथको सुकीर्ति–कथा,
राखौं कमान, भारी वीरताले, नेपालमाथि संधै नाथका
श्री होस् ठूलो हामी नेपालीको ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची ३

[धारा ६ को उपधारा (३) संग सम्बन्धित]

**नेपालको निशाना–छाप**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची ४

[धारा ३४ को उपधारा (२), (३) र (५) संग सम्बन्धित]

## अञ्चल सभाहरूद्वारा निर्वाचित हुने सदस्य-संख्या

| | | |
|---|---|---|
| (१) | मेची अञ्चल सभाबाट | ४ जना सदस्यहरू |
| (२) | कोशी अञ्चल सभाबाट | ५ जना सदस्यहरू |
| (३) | सगरमाथा अञ्चल सभाबाट | १० जना सदस्यहरू |
| (४) | जनकपुर अञ्चल सभाबाट | ९ जना सदस्यहरू |
| (५) | बाग्मती अञ्चल सभाबाट | ११ जना सदस्यहरू |
| (६) | नारायणी अञ्चल सभाबाट | ६ जना सदस्यहरू |
| (७) | गण्डकी अञ्चल सभाबाट | ९ जना सदस्यहरू |
| (८) | धवलागिरि अञ्चल सभाबाट | ४ जना सदस्यहरू |
| (९) | लुम्बिनी अञ्चल सभाबाट | ८ जना सदस्यहरू |
| (१०) | कर्णाली अञ्चल सभाबाट | ४ जना सदस्यहरू |
| (११) | राप्ती अञ्चल सभाबाट | ६ जना सदस्यहरू |
| (१२) | भेरी अञ्चल सभाबाट | ५ जना सदस्यहरू |
| (१३) | सेती अञ्चल सभाबाट | ५ जना सदस्यहरू |
| (१४) | महाकाली अञ्चल सभाबाट | ४ जना सदस्यहरू |

सबै अञ्चल सभाहरूबाट जम्मा ९० जना सदस्यहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची ५

[धारा ३४ को उपधारा (२), (४) र (५) संग सम्बन्धित]

**वर्गीय र व्यावसायिक संगठनहरूद्वारा निर्वाचित हुने सदस्य–संख्या**

| | | |
|---|---|---|
| (१) | नेपाल किसान संगठनबाट | ४ जना सदस्यहरू |
| (२) | नेपाल युवक संगठनबाट | ४ जना सदस्यहरू |
| (३) | नेपाल महिला संगठनबाट | ३ जना सदस्यहरू |
| (४) | नेपाल मजदूर संगठनबाट | २ जना सदस्यहरू |
| (५) | नेपाल भूतपूर्व सैनिक संगठनबाट | २ जना सदस्यहरू |

सबै संगठनहरूबाट जम्मा १५ जना सदस्यहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची ६

[धारा ३४ को उपधारा (२), (४) र (५) संग सम्बन्धित]

**स्नातकहरू मध्येबाट निर्वाचित हुने सदस्य–संख्या**

श्री ५ को सरकारद्वारा स्वीकृत विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तीमा शास्त्री वा ब्याचलर्स डिग्री प्राप्त गरेका व्यक्तिहरू मध्येबाट निजहरुद्वारा निर्वाचित– **४ जना सदस्यहरू**

**इति सम्वत् २०१६ साल पौष १ गते रोज १ शुभम् ।**

लालमोहर सदर मिति २०१६।६।१।१ मा

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव,
कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।